आज मिति २०७९/०३/१० गते यस पाटन नगरपालिकाका नगर प्रमुख ज्युको अध्यक्षतामा स्थानीय तह सदस्य २०७९ को निर्वाचन पश्चातको प्रथम नगरसभामा तपसिल को उपस्थितिमा आर्थिक बर्ष २०७९/८० को नीति तथा कार्यक्रम पेश गर्नको लागि नगरसभा बैठक बसी देहाय बमोजिमको निर्णयहरु गरियो ।

तपसिल :

| सि.नं. | नाम | पद | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | गौरी सिंह रावल | नगर प्रमुख | 9865872644 | [signature] |
| २ | कमल सिंह बोहरा (अपी) | नगर उप-प्रमुख | 9848890625 | [signature] |
| | | वडा नं. १ | | |
| १ | तर्क सिंह ठगुन्ना | वडा अध्यक्ष | ९८४८८७७३२२ | [signature] |
| २ | मोहन राज पन्त | वडा सदस्य | ९८६८२५०८९४ | [signature] |
| ३ | लक्ष्मी दत्त भट्टराइ | वडा सदस्य | [illegible] | [signature] |
| ४ | रामा भट्टराई | वडा महिला सदस्य | 9848972876 | Rama |
| ५ | कमला देवी बि.क | वडा सदस्य | | कमला |
| ६ | दली राम बि.क. | कार्यपालिका सदस्य | ९८४२२३६८५८ | [signature] |
| | | वडा नं. २ | | |
| १ | महेश प्रसाद पन्त | वडा अध्यक्ष | ९८५८७९६२९० | [signature] |
| २ | हरि दत्त पाण्डेय | वडा सदस्य | ९८५८८२९०२६ | [signature] |
| ३ | हरिश सिंह ऐर | वडा सदस्य | ९८६४६२६५०३ | [signature] |
| ४ | लक्ष्मी कुमारी भट्ट | वडा महिला सदस्य | ९८६५७४२८५६ | Laxmi |
| ५ | इश्वरी लुहार | वडा सदस्य | | [signature] |
| | | वडा नं. ३ | | |
| १ | करुणाकर भट्ट | वडा अध्यक्ष | [illegible] | [signature] |
| २ | दिपेन्द्र सिंह खत्री | वडा सदस्य | ९८४८८७९५९४ | [signature] |
| ३ | भीम दत्त भट्ट | वडा सदस्य | | |
| ४ | आरति बिस्ट | वडा महिला सदस्य | 9865201540 | [signature] |
| ५ | भागरथी बि.क. | वडा सदस्य | 9840625776 | [signature] |
| ६ | रमेश राम कोलि | कार्यपालिका सदस्य | | |
| | | वडा नं. ४ | | |
| १ | दीपक सिंह बिस्ट | वडा अध्यक्ष | ९८५५६९९८७४ | [signature] |

Scanned by TapScanner

| | | | | |
|---|---|---|---|---|
| २ | अर्जुन सिंह महरा | वडा सदस्य | 9868301171 | |
| ३ | लोक बहादुर ऐर | वडा सदस्य | 9849730267 | |
| ४ | यसोदा महरा | वडा महिला सदस्य | 9860712424 | |
| ५ | चन्द्रा लावड | वडा सदस्य | 9812795628 | |
| | वडा नं. ५ | | | |
| १ | फुनी बोहारा | वडा अध्यक्ष | | |
| २ | नवराज पाण्डे | वडा सदस्य | 9865621591 | |
| ३ | गणेश ठगुन्ना | वडा सदस्य | 9848809982 | |
| ४ | पार्वती चन्द | कार्यपालिका सदस्य | 9848712382 | Parwati |
| ५ | पार्वती दमाइ | वडा सदस्य | | पार्वती |
| | वडा नं. ६ | | | |
| १ | राजेन्द्र सिंह बिस्ट | वडा अध्यक्ष | ९८४८८०२२८७ | |
| २ | नर सिंह बिस्ट | वडा सदस्य | ९७४११३७१७९ | |
| ३ | ज्योति चन्द | वडा महिला सदस्य | ९८६४७६४०७६ | ज्योती चन्द |
| ४ | पुस्पा बि.क | वडा सदस्य | ९८६३९४३०५३ | |
| ५ | खेम राज लुहार | कार्यपालिका सदस्य | ९८४८६००५८३ | |
| | वडा नं. ७ | | | |
| १ | ललित बहादुर चन्द | वडा अध्यक्ष | ९८६५६५६८४३ | |
| २ | कर्ण सिंह पेला | वडा सदस्य | 9848693263 | |
| ३ | बीर बहादुर ठगुन्ना | वडा सदस्य | ९८४८६९८२८२ | |
| ४ | देबकी पन्त | वडा महिला सदस्य | 9868458857 | |
| ५ | मानमती बि.क | वडा सदस्य | 9864307150 | |
| | वडा नं. ८ | | | |
| १ | हरि सिंह बिस्ट | वडा अध्यक्ष | ९८४८८२६४४० | |
| २ | कृष्ण सिंह महरा | वडा सदस्य | 9848565626 | |
| ३ | जगदीश सिंह बिस्ट | वडा सदस्य | ९८३५८६५५९१ | |
| ४ | कलावती ऐर | कार्यपालिका सदस्य | 9865676769 | |
| ५ | भागरथी कुमारी बि.क. | वडा सदस्य | 9868776495 | |
| | वडा नं. ९ | | | |
| १ | कालु सिंह भाट | वडा अध्यक्ष | ९७४८८६२९८२४ | |

Scanned by TapScanner

| | | | | |
|---|---|---|---|---|
| २ | शंकर दत्त भट्ट | वडा सदस्य | 97497232[illegible] | [illegible] |
| ३ | जयन्ति कुमारी भाट बिजले | कार्यपालिका सदस्य | 9848851350 | [illegible] |
| ४ | बिमला दमाइ | कार्यपालिका सदस्य | [illegible] | बिमला |
| | वडा नं. १० | | | |
| १ | धन बहादुर कुँवर | वडा अध्यक्ष | [illegible] | [illegible] |
| २ | डम्बर राज भट्ट | वडा सदस्य | [illegible] | [illegible] |
| ३ | पदम राज पन्त | वडा सदस्य | [illegible] | [illegible] |
| ४ | दीपिका पन्त | कार्यपालिका सदस्य | [illegible] | Dipika |
| ५ | धारु देवी लावड | वडा सदस्य | | [illegible] |
| १ | राजेन्द्र प्रसाद भट्ट | सदस्य सचिब | [illegible] | [illegible] |
| २ | महेश प्रसाद भट्ट | सुचना प्रबिधि अधिकृत | | |
| ३ | दीपक प्रसाद पन्त | ना.सु | | |

Scanned by TapScanner

प्रस्तावहरु :

१. आ. ब. २०७९/८० को नीति तथा कार्यक्रम सम्बन्धमा ।
२. आ. ब. २०७९/८० को बजेट सिलिंग सम्बन्धमा ।
३. कार्यपालिकाले गरेका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।

निर्णयहरु :

निर्णय नं.१ : प्रस्ताव नं. १ माथि छलफल गर्दा २०७९/०३/१० गते नगरसभामा पेश भएको आ. ब. २०७९/८० को नीति तथा कार्यक्रम सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।

निर्णय नं.२ : प्रस्ताव नं. २ माथि छलफल गर्दा २०७९/०३/१० गते नगरसभामा पेश भएको आ. ब. २०७९/८० को बजेट सिलिंग लाइ आगामी बैठकमा बिस्तीतीकरण गर्ने गरि यहि आषाढ मशान्त भित्र पास गर्ने निर्णय गरियो ।

निर्णय नं.३ : प्रस्ताव नं. ३ माथि छलफल गर्दा प्रथम, दोस्रो र तेस्रो बैठकमा कार्यपालिकाले गरेका निर्णयहरु सर्वसम्मत अनुमोदन गर्ने निर्णय गरियो ।

Scanned by TapScanner

# पाटन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय,
# पाटन, बैतडी

# बार्षिक निति, कार्यक्रम तथा बजेट

## आ.व.०७९।०८०

Scanned by TapScanner

मिति २०७९।३।१० गते नगरसभामा  पाटन नगरपालिकाका नगर उप प्रमुख कमल सिह बोहरा (अपी) ले प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०७९/०८० को बार्षिक नीति कार्यक्रम तथा बजेट :

मुलुकमा संघीय लोकतान्त्रीक गणतन्त्र स्थापना पश्चातको ,स्थानीय तह सदस्य निर्वाचन ३० बैशाख २०७९ मार्फत निर्वाचित जन प्रतिनिधिहरुको प्रतिनिधमूलक संस्था पाटन नगरपालिका को प्रथम गरिमामय नगर सभाका सभाध्यक्ष एवं पाटन नगनरपालिकाका नगर प्रमुख ज्यु,यस कार्यक्रममा प्रमुख आतिथ्यता ग्रहण गरीरहनु भएका प्रमुख अतिथि जिल्ला समन्वय समितिका उप प्रमुख श्री दमन बहादुर कुवर ज्यू ,विशिष्ट अतिथि ज्यू  अतिथि ज्यू प्रमुख प्रशासकीय अधिकृत ज्यू १० वटै वडाका वडा अध्यक्ष ज्यू,कार्यपालिका सदस्य ज्यू, यस सभाका सम्पूर्ण सदस्य ज्यु, स्थानिय राजनितिक दलका प्रमुख तथा प्रतिनिधी ज्यु,सभामा उपस्थित हुनु भएका राष्ट्रसेवक कर्मचारी ज्यू,शहीद तथा घाईते अपांग, बेपत्ता परिवारजन ,सञ्चारकर्मि तथासुरक्षाकर्मि ज्यू ,ज्येष्ठ नागरीक,सरकारी तथा गैरसरकारी संघ संस्थाका प्रमुख तथा प्रतिनिधिज्यू, सम्पूर्ण विद्यालयका प्रमुख तथा प्रतिनिधि ज्यू, कलाकार ज्यू, महिला बर्ग तथा संचार माध्यमबाट यो कार्यक्रम सुनि राख्नु भएका देश विदेशमा रहनु हुने बुद्धीजीवी ,व्यापारी ,बिद्यार्थी एवं सम्पुर्ण महान व्यक्तीत्वहरु, सबैलाई यस कार्यक्रममा विषेश स्वागत गर्दै  सम्मान व्यक्त गर्न चाहन्छु ।

सर्वप्रथम, सुन्दर,प्यारो मातृभुमि नेपालको विभिन्न ऐतिहासिक कालखण्डमा नेपाली जनताको राजनितिक स्वतन्त्रता र अधिकारका लागी बिभिन्न प्रजातान्त्रीक जनयुद्ध तथा जनआन्दोलन मार्फत आजको संघीय,समावेशी ,समानुपातिक व्यवस्थामा जनताको समान पहुंच सहितको लोकतान्त्रीक गणतन्त्र नेपाल निर्माणका लागी आफ्नो जीवनको आहुति दिन हुने,बैतडी का धर्ति सपुत वीर शहीद दसरथ चन्द सहीत संघीय गणतन्त्र प्राप्तिका लागी हाम्रो यस पाटन नगरपालिकाबाट बलिदानी दिनु हुने महान शहीद क.हरी सिंह ऐर (पंकज),क.जीत सिंह ठगुन्ना र क. डम्मर दत्त भट्टराई लगायत हजारौं ज्ञात अज्ञात बीर शहिदहरु प्रति उच्च सम्मान सहित भावपुर्ण श्रद्धान्जली अर्पण गर्न चाहन्छु ,संघर्षको दौरानमा घाइते,अपांग र बेपत्ता हुनु भएका वीर योद्धा तथा पिडित परिवारहरु प्रति हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु । साथै नेपाली समाज लाई अग्रगामि परिवर्तनको मार्गमा ल्याउन विविध क्षेत्र बाट योगदान पुर्याउन हुने आदरणीय अग्रज नेतृत्वहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु, यस पटकको स्थानीय तह सदस्य निर्वाचन मा हामीलाई विश्वास गरी आफ्नो अमूल्य मत प्रदान गरी विजय प्राप्त गराई यो स्थानमा पुर्याउनु हुने समस्त आदरणीय आमा बुवा,दाजुभाई,दीदी बहीनी लगायत सम्पूर्ण पाटन नगरबासी हरुमा हार्दीक धन्यवाद ज्ञापन गर्दै यस पाटन नगरपालिकाको आर्थिक बर्ष २०७९।८०को नीति, कार्यक्रम तथा बजेट यो गरीमामय नगर सभामा प्रस्तुत गर्न चाहन्छु।

Scanned by TapScanner

**आदरणीय नगर सभा अध्यक्ष ज्यू सदस्य तथा नगरबासीज्यू हरु :**

सुदुर पश्चिम प्रदेशको पहाडी जिल्ला बैतडीको सुन्दर नगरी पाटन नगरपालिकाको स्थापना वि.सं.२०७१ मंसिर १६ गते पहिलो पटक ६ र पछि ३ थप गरि साविकका नौ वटा गा.वि.स.का भुगोल सिमाहरु भूमेश्वर,बसन्तपुर,कैलपाल,सकार ,सिलंगा,सिद्धपुर,सिद्धेश्वर,पाटन र गुजरको समायोजन बाट गठीत विभिन्न शक्तीपिठ, तिर्थस्थल महारुद्र, बाराघर, लाटा भुमिराज,गणेशधुरा, निलपाल, कैलपाल, अनिरुद्र, डाडाबाघ, सिमोडा, सहश्त्रलिङ, उदयदेव, मसानी, नागार्जुन, कूलगडे, भुमिराज, समैजी सदाफल, सिद्धनाथ, असिमीकेदार, बाशुलिंग, रौलाकेदार, सिगास, टुणेमसानी, मठैराज, काकरवासि, दुर्गा, निङ्गलाशैनी भगवती, सुरपाल नागनी, सैपाल, बेताल, हंसराज, सैनदेउ, जाडीकोट, पत्ताल भुवनेश्वरधाम, विश्वनाथ बनारसी धाम, रामेश्वर ज्योतिर्लिंग धाम, स्वर्गेनी पिपलधाम, ऐतिहासिक संगौडाकोट र पवित्र गंगा सरयु र राम गंगाको सुन्दर बहावक्षेत्र हिन्दु धर्मावलम्विहरुको अति आस्थाको केन्द्रविन्दु रहेको धार्मिक,आध्यात्मिक तथा पर्यटकीय सम्भावना बोकेको, यस पाटन नगरपालिकाको जम्मा घरधुरी संख्या ६२७६ र कुल मतदाता संख्या १९८६४ रहेको २१९.२५ बर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यस नगरपालिकामा विविधतायूक्त हावा पानी, विविध किसिमको कृषि तथा पशु उपज उत्पादन हुने प्रचुर सम्भावना रहेको ,मध्यपहाडी लोकमार्गले छोएको, बैतडी बिमानस्थल, भिमदत्त बहुप्राविधिक शिक्षालय र पाटन बहुमुखी क्याम्पस जस्ता भौतिक तथा शैक्षिक पूर्वाधारहरु एवं पौराणीक तथा धार्मिक सांस्कृतिक महत्व बोकेका मैतडकी जात, शौकेनी पिपल मेला, स्याडी गर्खाकी गोरा, भगौतीकी दुत्या, लोड्न्याकी जात,महाद्यौकी जात,बनारसी की जात, सिउडेकी मेला,सकारकी गोरा, खसरबाटाकी गोरा, खोड्पेकी शिवरात्री मेला, माघेसक्रान्तीको रामेश्वर धाम मेला लगायतका परम्परादेखी चल्दैआएका चाडपर्व तथा जात्राहरुको पहिचानले परिचित यो पाटन नगरपालिका विकाशोन्मुख मध्यपहाडी लोकमार्गमा पर्ने १० वटा नमुना शहर मध्ये एक हो ।

**आदरणीय सभाध्यक्ष,नगर सभा सदस्य ज्यू तथा उपस्थित महानुभावहरु,**

अब म यस पाटन नगरपालिकाको आगामी आर्थिक वर्ष २०७९/०८० का लागि नगरकार्यपालिका बाट सिफारिस भई आएको नीति ,कार्यक्रम तथा बजेट यस गरीमामय नगर सभामा पेश गर्दछु ।

१.आर्थिक विकास क्षेत्र तर्फ :

❖ **कृषि तथा पशु**

- ✓ बेरोजगार तथा बैदेशीक रोजगारी बाट फर्कीएका युवाहरु लाई मागमा आधारीत युवालक्षित कृषि कार्यक्रम लागु गरीने छ ।
- ✓ किसानको क्षमता अभिवृद्धिका लागि बिशेष किसिमका तालिम कार्यक्रम आयोजना गर्ने निति अवलम्बन गरिने छ ।
- ✓ लोपोन्मुख रैथाने खाद्यान्न तथा औद्योगीक बालि प्रोत्साहन सम्बन्धि कार्यक्रम अर्न्तगत यस क्षेत्रमा उत्पादन हुने कोदो, कागुनो, मकै, कालो, भटमास ,मार्सि तील ,लगायत चिनिको मूल्य बृद्धी लाई चुनौती दिन उखु खेती प्रवर्द्धन कार्यक्रम ल्याइनेछ ।

Scanned by TapScanner

- ✓ कृषि उत्पादनको भण्डारण (शितगृह) संकलन केन्द्र र बजारीकरण को व्यवस्थापनका लागि उच्च महत्वका साथ कृषक अनुकुल कार्यक्रम लागु गरीने छ ।
- ✓ कृषि उपज तथा कृषिजन्य उत्पादनको प्रवर्द्धन गर्न मल, बिउ, कीटनाशक विषादीको उपलब्धता, र बजार व्यवस्थापनमा सहजीकरण गरीने छ ।
- ✓ प्रत्येक वडामा बाली तथा पशु बस्तुको व्यवसायिक उत्पादन गर्न विशेष पकेट क्षेत्र कार्यक्रम सञ्चालन गरिनेछ ।
- ✓ कृषि पेशामा विभिन्न प्रकोप तथा खतराहरुको जोखीम व्यवस्थापन गर्न बाली तथा पशु बिमा कार्यक्रमको लागी आवश्यक व्यवस्थापन गरिनेछ ।
- ✓ घाँस, फलफूल तथा तरकारीका बिरुवाहरुको नर्सरी स्थापना गरी श्रोतकेन्द्रको रुपमा विकास गर्न आवश्यक कार्यक्रम लागु गरीनेछ ।
- ✓ नगरपालिका अर्न्तगतका कृषकहरुको पहिचान र वर्गीकरण गरी कृषक दर्ता परिचयपत्र कार्यक्रम सञ्चालन गरीने छ ।
- ✓ कृषि उत्पादनमा आर्थिक तथा समयको लागत कम गर्न कृषकको माग बमोजिम ५० देखी ७५ प्रतिशत सम्म कृषि यान्त्रीकरण कार्यक्रममा अनुदान दिईनेछ ।
- ✓ उर्वर भुमिमा कृषि उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न उपयुक्तसिंचाईको व्यवस्थागरीनेछ ।
- ✓ मौसमी तथा बेमौसमी तरकारी खेती कार्यक्रम प्रर्बद्धन गर्न बिशेष कार्यक्रम सञ्चालन गरीने छ ।
- ✓ माटो सुहाउदो खेतीको लागी माटो परिक्षण सेवा लाई सर्ब शुलभ बनाइने छ ।
- ✓ एक घर एक करेसा बारी कार्यक्रम अनिवार्य लागु गरी दैनिक उपभोग्य तरकारी को आयात लाई न्युनीकरण गरीने छ ।
- ✓ कृषकहरु लाई रसायनिक मल को सहज उपलब्धता गराउन प्रत्येक वडामा एक एक वटा कृषि सहकारी संस्था हरु लाई परिचालन गरीने छ ।
- ✓ पशु पन्छी रोग व्यवस्थापनका लागी पशु खोप सेवा कार्यक्रम तथा आवश्यक पशु औषधी को व्यवस्थापन गरीने छ ।
- ✓ कृषि तथा पशु पन्छी सेवा लाई प्रभावकारी रुपमा कृषकहरुको घरदैलोमै कृषि प्राविधिक सेवा उपलब्ध गराउन आवश्यक जनशक्तिको व्यवस्था गरीने छ ।
- ✓ नगरपालिका भित्र भएका प्राकृतिक ताल तथा साना नदी खोलाहरुमा मत्स्यपालन व्यवसायको सँभाव्यता अध्ययन गरी उपयूक्त जातका माछाहरुको भुराहरु राख्ने व्यवस्था गरिने छ ।
- ✓ व्यवसायिकपशुपालन गर्ने कृषक हरुलाई प्रोत्साहन गर्न विषेश पहल गरीने छ ।
- ✓ फलफूल खेती प्रर्वद्धन कार्यक्रम अन्तरगत मौसम अनुसार फलफूलका विरुवा वितरण कार्यक्रम लागु गरीने छ ।
- ✓ पाटन नगरपालिका वडा नं. ०६ मा रहेको उर्वर जमिनमा धान खेती काटी सके पश्चात गहु छर्ने कार्य नहुन्जेल सम्म बिचको अवधीमा सम्भाव्यता अध्ययन गरि उपयुक्त सुहाउदो बाली/तरकारी लगाउन प्रोत्साहन गरिनेछ ।

Scanned by TapScanner

## २. पूर्वाधार तर्फ :

- ✓ पालिका सदमरमुकाम देखी वडा केन्द्र सम्म सहजरुपमा चल्न सक्ने सडकहरुनिर्माण तथा मर्मत सम्भार कार्य लाई निरन्तरता दिईने छ ।
- ✓ प्रशासकीय भवन नभएकावडा कार्यालयहरुमा सुविधा सम्पन्न प्रशासकीय भवनहरु निर्माण गरीने छन,साथै नगरपालिकाको निर्माणाधीन प्रशासकीय भवन लाई पूर्णता दिइने छ ।
- ✓ नगर क्षेत्र भित्रका निर्माणाधीन सडक पुलहरु आगामि ५ बर्ष भित्र निर्माण सम्पन्न गर्न सम्बन्धित निकायमा आवश्यक पहल गरीने छ,साथै नगर भित्र आवश्यक पर्ने स्थानमा झोलुंगे पुल आरसिसि बाटा र पुलहरु निर्माण गरिनेछन् ।
- ✓ विज्ञान र प्रविधिमा पहुँच पुर्‍याउन वडा कार्यालय तथा सामुदायिक विद्यालयहरुमा संचार तथा ईन्टरनेट सेवालाई थप व्यवस्थापनका साथ निरन्तरता गरिनेछ ।
- ✓ यस नगरपालिकामा विद्युत विस्तार गर्न बाँकी रहेका क्षेत्रमा विद्युतीकरण गरिनुका साथै वैकल्पिक उर्जा प्रवर्द्धन सौर्य बत्ती कार्यक्रम लागु गरिनेछ ।
- ✓ पाटन नया सहर आयोजनाको जग्गा अधिग्रहण Land Pulling कार्यक्रमलाई निरन्तरता दिन बैकल्पिक क्षेत्रको खोजी गरिने छ ।
- ✓ १० वटै वडामा सडक पुगेको क्षेत्रमा कालोपत्रे गर्ने र सडक नपुगेको क्षेत्रमा सडक पुर्‍याउने निति अबलम्बन गरिने छ ।
- ✓ पाटन नगरपालिका भित्र रहेका बृहत खानेपानी र अन्य खानेपानी योजनाहरुलाई छिटो छरितो रुपमा निर्माण कार्य सम्पन्न गर्न लगाई उपभोक्ताहरु लाई हस्तान्तरण गर्ने व्यवस्था मिलाईने छ ।
- ✓ बिद्युक्त बिस्तार हुन बाकी रहेका वडा तथा टोलहरुमा बिद्युत बिस्तार गरिने छ ।
- ✓ नक्सापास प्रकृयालाई सरलीकरण गरिनेछ ।
- ✓ सहरी विकास तथा भवन निर्माण बिभाग अन्तर्गत संचालित कार्यक्रमहरुलाई द्रुतगतिमा संचालन गर्ने व्यवस्था गरिने छ ।
- ✓ मध्य पहाडी लोकमार्गको नयाँ सहरको रुपमा रहेको पाटन नगरपालिका लाई नमुना सहरको रुपमा विकास गर्ने नेपाल सरकारको नितिलाई प्रभावकारी ढंग बाट लागु गरिनेछ ।
- ✓ अव्यवस्थित गाडि पार्किङ लाई व्यस्थित गर्न आवश्यक पहल गरिने छ ।
- ✓ फोहरमैला व्यवस्थापन गर्न आवश्यक पहल गरिनेछ ।

Scanned by TapScanner

### ३. सामाजिक विकास तर्फ :

**क) शिक्षा** सामुदायिक बिद्यालयहरुको शैक्षिक सुधार गर्ने हाम्रो प्रमुख लक्ष्य रहने छ ।

- ✓ शिक्षाको गुणस्तर सुधारका लागि नग प्रमुख शैक्षिक सुधार बिशेस कार्यक्रम घोषणा गरेका छौ जसमा आधुनिक शिक्षा प्रणालीलाई मध्यनजर गरि आवश्यक तथ्याकं संकलन गरि अग्रेजी माध्यम बाट पठन पाठन गराउने निर्णयलाई प्रभावकारी ढंगले कार्यान्वयन गरिने छ ।
- ✓ गुणस्तरीय शिक्षामा जोड दिनका लागि नगर स्वंयमसेवक शिक्षकहरु तथा बालबकिासमा कार्यरत शिक्षक शिक्षिकाहरुलाई थप अनुदान दिने व्यवस्था मिलाईने छ ।
- ✓ विद्यालयमा छात्राहरुको नियमित उपस्थिति गराउन, स्वच्छ रसफा विद्यालय राख्नका लागि निशुल्क सेनेटरी प्याड कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- ✓ "विद्यालय स्तरीय स्वास्थ्य सेवा कार्यक्रम" सञ्चालन गरिने छ ।
- ✓ प्रविधि मैत्री शिक्षामा जोड दिइने छ जसका लागि प्रत्येक माध्यमिक विद्यालयहरुमा इन्टरनेट सेवा विस्तार गरिने छ ।
- ✓ सामुदायिक विद्यालयहरुको खानेपानी सरसफाई तथा स्वच्छताको अवस्था लाई सुधार गरिने छ ।
- ✓ वैकल्पिक शिक्षण विधिबाट पठन पाठनमा जोड दिईनेछ ।
- ✓ कक्षा १ देखि कक्षा ८ सम्म नैतिक शिक्षा पाठ्पुस्तकमा समावेश गरिनेछ ।
- ✓ शिक्षाको क्षेत्रमा वर्षौ देखि अत्यन्तै न्यून तलबमा काम गरिरहेका निजी शिक्षकहरुको अनुदान रकमलाई वृद्धि गरिनेछ ।
- ✓ गुणस्तरीय शिक्षाको लागि विषयगत तालिम, कार्यशाला, गोष्ठी आदिका माध्यमवाट विद्यालयका सरोकारवाला विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु, शिक्षकहरु तथा अभिभावकहरुको विषयगत रुपमा क्षमता अभिवृद्धि गरिनेछ ।
- ✓ शिक्षकहरुको क्षमता अभिवृद्धिको लगि विज्ञ शिक्षकहरुको समूह वनाइ शिक्षकहरुको कक्षाकोठा अवलोकन तथा नमूना पाठ प्रदर्शनको व्यवस्था मिलाइने छ ।
- ✓ विद्यालायको अनुगमन तथा निरिक्षण नियमित रुपमा गर्ने व्यवस्था गरिने छ ।
- ✓ विद्यार्थीहरुको अन्तरनिहित प्रतिभा प्रस्फुटन गर्नको लागि नगर स्तरीय शैक्षिक अतिरिक्त क्रियाकलाप सञ्चालन गरिने छ ।
- ✓ प्रत्येक विद्यालयमा योग शिक्षा लागु गरिनेछ ।
- ✓ एक वडा एक मिनि नमूना विद्यालय विकास गर्ने नीति कार्यान्वय गरिने छ ।
- ✓ शैक्षिक गुणस्तर सुधारको लागि विद्यालयमा आवश्यक भौतिक पुर्वाधार निर्माणको व्यवस्था मिलाइने छ ।

Scanned by TapScanner

- ✓ विद्यालयको दिवा खाजा कार्यक्रममा स्थानीय उत्पादनलाई उपभोग गर्न प्रोत्साहित गरि थप प्रभावकारी गरिने छ ।
- ✓ विद्यालयको खानेपानी, सरसफाई तथा सच्छता अवस्था सुदृढिकरण गरेर क्रमशः विद्यालयहरुलाई सरसफाईमा नमूना तिन तारे विद्यालय घोषणा गरिने छन ।
- ✓ सीपमूलक शिक्षामा विशेष जोड दिइने छ । पढ्दै कमाउदै कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वय गरिने छ ।
- ✓ पाटन नगरपालिका जनप्रतिनिधितथा शिक्षक तथा कर्मचारीका सन्तत्तीहरुलाई सामुदायिक विद्यालयमा मात्रै पठन पाठन गर्नु पर्ने निर्णयलाई प्रभावकारी ढंगले लागु गरिनेछ ।
- ✓ वार्षिक रुपमा उत्कृष्ट कार्य सम्पादन गर्ने विद्यालयलाई प्रोत्साहन दिने नीति लिइने छ ।
- ✓ नगर स्तरीय आधारभूत तह उत्तीर्ण परीक्षालाई व्यवस्थीत र प्रभावकारी वनाइने छ ।
- ✓ टुहुरा , जेहेन्दार विद्यार्थी , सहिद , वेपत्ता तथा घाइते परिवारका छोराछोरीहरुलाई वार्षिक एकमूष्ट रुपमा स्टेसनरी तथा छात्रवृत्ती दिइने छ ।
- ✓ विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न प्रधानाध्यापकलाई कार्य सम्पादन करार सम्झौता बमोजिम उत्कृष्ट कार्य गर्ने लाई पुरुस्कृत गरिने छ ।
- ✓ विद्यालय क्षेत्र वाहिरका विद्यार्थीहरुलाई विद्यालय भित्र ल्याइने छ र विद्यालय विचैमा छोड्ने विद्यार्थीको लागि समस्या सामाधान गरि पुनः बिद्यालय पठनपाठनमा सक्रीय गराउने निति अवलम्वन गरिने छ ।
- ✓ बिद्यार्थीहरुको संख्या र भौगोलिक कठीनाई लाई मध्यनजर गरि बिद्यालय समायोजन तथा तहगत बृद्धि गरिनेछ ।
- ✓ प्रत्येक बिद्यालयमा पठन पाठन गर्न हुने शिक्षक शिक्षिकालाई अध्यापन अनुमतीपत्र अनिवार्य हुनुपर्ने कार्यपालिकाको निर्णयलाई प्रभावकारी रुपमा लागु गरिनेछ ।

**✓ खेलकुद तर्फका नीतिहरु**

- ✓ नगरपालिकाको आफ्नै योजना वा अन्य साझेदार संस्था मार्फत नगर स्तरीय ,विद्यालय स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता , मेयर कप र उप मेयर कप आयोजना गरिने छ ।
- ✓ समग्र खेलकुद कार्यक्रमलाई समन्वय गर्न नगरपालिका स्तरीय खेलकुद विकास समिति गठन गरिनेछ ।
- ✓ राष्ट्रीय तथा अन्तराष्ट्रिय खेलाडिहरुको सम्मान गर्दै उनिहरुको अनुभवको भरपुक उपयोग गरिने छ।
- ✓ आजका युवाका लागि आजै खेलकुदमा लगानी भन्ने मुल नाराका साथ १० वटै वडामा युवा खेलाडी उत्पादन गर्न नगरस्तरिय प्रशिक्षकको व्यवस्था गरिनेछ ।

Scanned by TapScanner

**महिला, वालवालिका तथा जेष्ट नागरिक तर्फ**

- ✓ हिंसा प्रभावितको घटनाहरुलाई व्यवस्थापन गर्न मनोसामाजिक विमर्ष कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- ✓ लैङ्गिक हिंसा राहत कोषको स्तरोन्नत्ती र महिला सुरक्षा आवास गृह कार्यलाई निरन्तरता दिइने छ ।
- ✓ लैङ्ग हिंसा र घरेलु हिंसाको अन्त्य गर्दै महिला अधिकार वालवालिकाको सन्दर्भमा जारी भएका राष्ट्रिय र अन्तराष्ट्रिय सन्धि सम्झौता र प्रतिवद्धताको आधारमा महिला र वालवालिकाको संरक्षरण , बचाउ , विकास र सभागितामा जोड दिइने नीति लिइने छ ।
- ✓ महिलाको आय-आर्जनमा अभिवृद्ध गर्न उद्यमसिल तथा सीपमूलक कार्यक्रम संचालन गरिने छ ।
- ✓ दलित ,विपन्न समुदाय तथा अपाङ्गताका लागि सीप विकास तथा क्षमता अभिबृद्धि सम्वन्धी कार्यक्रम ल्याइने छ ।
- ✓ अपाङ्गता भएका , टुहुरा, लैङ्गिक तथा घरेलु हिंसा पिडित महिलाका समस्याहरुलाई विशेष सम्वोधन गर्दै लैङ्गिक तथा घरेलु हिंसा न्यूनिकरण र पिडित महिलाको लागि संरक्षण कार्यक्रम लागु गरिने छ ।
- ✓ जेष्ट नागरिक सम्मान कार्यक्रम संचालन गरिनेछ ।
- ✓ गरिव तथा विपन्न वर्गका लागि स्वास्थ्य विमा कार्यक्रम लागु गरिने छ ।
- ✓ पालिकावाट लैंङ्गिक हिंसा प्रभावित मैत्री सेवा संचालन गरिने छ ।

**ख) स्वास्थ्य :**

- ✓ सरकारी तथा गैरसरकारी संघ संस्थाहरु संग आवश्यक समन्वय गर्दै स्वस्थ नागरीक समृद्ध पाटन भन्ने मूल नाराका साथ यसै बर्ष भित्र स्वास्थ्य नीति तयार गरी मातृशिशु तथा बाल स्वास्थ्य सेवामा सुधार गरि स्वास्थ्य प्रवर्द्धन लगायतका कार्यक्रममा जोड दिई लक्ष्यहरु हासिल गरीने छ ।
- ✓ प्राथमिक स्वास्थ्य केन्द्र पाटनको स्तरोन्नती गरी आधारभुत अस्पतालमा विकास गरीने छ ।
- ✓ सिद्धेश्वर स्वास्थ्य चौकीमा ट्रमा कर्नर सञ्चालनमा ल्याउन कर्मचारी तथा औजार उपकरणको व्यवस्थापन गरीने छ ।
- ✓ स्वास्थ्य व्यवस्थापन समिति, सामुदायिक महिला स्वास्थ्य स्वयं सेविकाहरुको क्षमता विकासका लागी आवश्यक तालिम तथा प्रोत्साहनको व्यवस्था गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न उत्साहीत गरी जिम्मेवार बनाईने छ ।
- ✓ आगामी ३ बर्ष भित्र बालमैत्री ,पूर्ण संस्थागत सुत्केरी ,नमुना स्वास्थ्य नगरको साथै, कुपोषणमुक्त नगरपालिका घोषणा गरीने छ ।

Scanned by TapScanner

- ✓ नसर्ने रोग रोकथामको लागी ४० बर्ष माथिका नागरीकहरुको निशुल्क स्वास्थ्य तथा प्रयोगशाला जाँच गर्न १० वटै वडामा घुम्ती स्वास्थ्य शिविर सञ्चालन गरीने छ ।
- ✓ गर्भवती महिला हरुका लागी निशुल्क ग्रामिण अल्ट्रासाउण्ड सेवा ,विद्यार्थीहरुको स्वास्थ्य जाँच सेवा ,समुदायमा स्वास्थ्य शिक्षा प्रदान गर्न आवश्यक व्यवस्था मिलाइने छ ।
- ✓ बहुक्षेत्रीय पोषण योजना कार्यक्रम लाई प्रभावकारी बनाईने छ ।
- ✓ स्वास्थ्य बिमालाई प्रभावकारी बनाई स्वास्थ्य सेवामा सबैको पहुच बनाउन गरिब बिपन्न बर्गहरुलाई स्वास्थ्य बिमामा अनुदान दिने कार्यक्रम अगाडी बढाईने छ ।
- ✓ सुनौला हजार दिनका महिला तथा बालबालिकाहरुको पोषणमा सुधार ल्याउन उप प्रमुख पोषण कोसेली कार्यक्रम लागु गरिनेछ ।
- ✓ सवबाहान खरिद गर्ने कार्यपालिकाको निर्णयलाई प्रभावकारी रुपले कार्यान्वयन गरिने छ ।
- ✓

## ग) कला, पर्यटन/संस्कृति :

- ✓ यस नगरपालिका अन्तरगत रहेका विभिन्न धार्मिक,तथा आध्यात्मिक क्षेत्रलाई ऐतिहासिक पर्यटकीय स्थलका रुपमा विकास गर्न गुरु योजना तथा पार्श्व चित्र निर्माण गरिने छ ।
- ✓ हिरापुर पार्कलाई एक नगर एक उद्यानको रुपमा स्तरोन्नती गर्न आवश्यक पहल गरिनेछ ।
- ✓ बनारसी बिश्वनाथ धाम र रामेश्वर धाम धार्मिक पर्यटन क्षेत्र लाई विशेष प्राथमिकता दिईनेछ ।
- ✓ लोप हुन लागेको स्थानिय सिपहरु तामा तथा फलमाका भाडाकुडा निर्माण, छाला प्रशोधन, माटाका भाडाकुडा बनाउने व्यवसायलाई प्रोत्साहन गरिने छ ।

- ✓ युवा रोजगारी बढाउनका लागी मौरी पालन, बाखा पालन, माछा पालन, हाउस वाईरिङ, डाईभिङ, आदि मार्फत रोजगारीमा आत्मनिर्भर कार्यक्रम को व्यवस्थाको पहलगरिने छ ।

- ✓ बरिष्ठ साहित्यकार डा. तारानाथ शर्माले समेत पर्यटकीय दृष्टीकोण बाट पाटन लाई चिनाउन आफ्नो कृतिमा व्याख्या गरीएको घनघश्याको उकालो लाई व्यापक रुपमा चिनाउन आवश्यक पार्श्व चित्र बनाइने छ । साथै पाटन नगरपालिका भित्र रहेका धार्मिक, एतिहासिक एंव पुरातात्वीक सम्पदाहरुको पार्श्व चित्र निर्माण गरिने छ ।

## अन्य

- ✓ "एक वडा एक सहकारी" को निति लाई अनिवार्य रुपमा कार्यान्वयन गर्दै महिला सहकारी संस्था स्थापनाको लागी विषेश जोड दिइने छ ।
- ✓ प्रत्येक वडाहरुमा युवा श्रम सहकारी गठन गर्न प्रोत्साहन गरिनेछ ।
- ✓ हरेक सहकारीको विकासका लागी आवश्यक नियमन तथा अनुगमन को व्यवस्था गरिने छ

Scanned by TapScanner

- ✓ पौराणिक धर्मशाला, पाटिपौवा, न्वाला तथा धाराको संरक्षण गर्न प्रोत्साहन गरिनेछ ।
- ✓ कृषि तथा रोजगारी प्रर्वद्धन कार्यक्रममा सहकारी परिचालन गरि आर्थिक विकासका क्रियाकलापहरु संचालन गरिनेछ ।

### ❖ खानेपानी तथा सरसफाइ

- ✓ एक घर एक शुद्ध खानेपानी धारा नितिलाई अवलम्बन गरिनेछ ।
- ✓ नगर तथा वडा स्तरमा पुर्ण सरसफाइ अभियान गरिनेछ ।
- ✓ Wash Planअनुसार खानेपानीको मर्मत, सम्भार, मुहानको संरक्षण र नया निर्माण कार्य गरिनेछ ।
- ✓ खानेपानीको गुणस्तर जाँच का लागी आवश्यक गुणस्तर जाँच मेसीन खरिद तथा ल्याब व्यवस्थापन गरिनेछ ।
- ✓ सुरक्षित खानेपानी युक्त समुदाय घोषणा लाई निरन्तरता दिईनेछ ।
- ✓ नगरपालिका भित्रका होटल तथा नास्ता पसलहरुमा गुणस्तरिय तथा शुद्ध खानेपानीका लागि अनिवार्य फिल्टर राख्नु पर्ने निति लाई प्रभावकारी ढंगले अवलम्वन गरिनेछ ।

### ❖ भवन तथा शहरी विकास :

- ✓ स्वच्छ र सुरक्षित भवन निर्माणमा जोड दिइनेछ ।
- ✓ सार्वजनिक जमिन मिचेर घर निर्माण गर्ने कार्यलाई निरुत्साहित गर्न अतिक्रमण गर्ने कार्यलाई रोक लगाउने नीति अवलम्बन गरिने छ ।
- ✓ पाटन बजारमा अव्यवस्थित रुपमा रहेका खोका छाप्रा लाई व्यवस्थित गर्न आवश्यक कार्य गरिनेछ ।
- ✓ पाटन नगरपालिका क्षेत्र भित्र रहेका मुख्य बजार हरुमा मासिक १ पटक हाट बजार लगाउने कार्यपालिकाको निर्णयलाई प्रभावकारी ढंगले लागु गरिनेछ ।

## ४.बन वातावरण तथा बिपद व्यवस्थापन :

- बढ्दो वन विनासको नियन्त्रण र भुसंरक्षणमा जोड दिइनेछ ।
- जलवायु अनुकुलन कार्यक्रमलाई प्रोत्साहन गरिने छ । वातावरण एवं जैविक विविधताको संरक्षण, पहिरो नियन्त्रण र भू-क्षय नियन्त्रणका लागि आवश्यक अध्ययनका आधारमा कार्यक्रम संचालन गरिनेछ । साथै आइपर्ने जोखिम न्यूनिकरणका लागि जनचेतना मुलक कार्यक्रम संचालन गरिनेछ ।

Scanned by TapScanner

- नगर स्तरीय विपद् प्रतिकार्य योजना निर्माण गरीने छ र विपद व्यवस्थापन तथा राहत कोष लाई निरन्तरता दिइने छ ।
- प्रत्येक जनप्रतिनिधी तथा कर्मचारीहरुले बार्षिक रुपमा एक बिरुवा लगाउने तथा संरक्षण गर्ने निति लागु गरिनेछ ।
- नगरपालिका भित्रका सामुदायिक, सरकारी, कवुलियति बनहरुमा बढ्दो डढेलो तथा आगलागी लाई रोकथाम एंव नियन्त्रण गर्न बन कार्यालय संग समन्वय गरि आवश्यक जनचेतना कार्यक्रम लागु गरिनेछ ।
- हैसियत बिग्रेको बन तथा कवुलियत बन लाई बैज्ञानिक बन क्षेत्रको रुपमा विकास गर्न अभिप्रेरित गरिने छ ।

**५)संस्थागत विकास सेवा प्रभाव र सुशासन :**

सेवाको वरिपरि जनता नभई जनताको वरिपरि सेवा भन्ने मुल नाराका साथ समग्र संस्थागत विकासमा सेवा प्रवाह र सुसान कायम गरिनेछ ।

सेवा प्रवाहलाई छिटो, छरितो, प्रभावकारी रुपमा संचालन गर्न नगरपालिका र अन्तर्गतका निकायहरुमा नियमित अनुगमन मूल्यांकन गरि आवश्यक पृष्ठपोषण गरिनेछ ।

नगरपालिका भित्र सेवाग्राहिहरुलाई सहजताका लागि नागरिक सहायता कक्ष (हेल्पडेस्क) राख्ने कार्यपालिको निर्णयलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।

- ✓ कर्मचारीको क्षमता अभिवृद्धिका कार्यक्रम संचालन गरिनेछ । यस नगरपालिकामा स्थायी, अस्थायी र करारका कर्मचारीको कामको आधारमा मूल्याङ्कन गरि सेवा निरन्तरता दिईने छ । कार्य सम्पादन तथा कार्य प्रगतिका आधारमा पुरुस्कृत तथा दण्डित गरिने कार्यमा जोड दिईनेछ ।
- ✓ पाटन नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारी दुर्घटना बीमा सञ्चालन कार्यविधि २०७८ अधिनमा रहेर बिमा योजनामा सहभागी गराइनेछ ।
- ✓ योजनाबद्ध विकासलाई चरितार्थ गर्नका लागि आवधिक योजना निर्माण गरिनेछ ।
- ✓ सेवाप्रवाहको लागि आवश्यक पर्ने न्यूनतम प्रशासनिक खर्चको लागि बजेट विनियोजन गरी प्रशासनिक संरचना र कार्यलाई मितव्ययी बनाउन अनुत्पादक खर्चहरु कटौती गर्ने नीति अवलम्बन गरिनेछ ।
- ✓
- ✓ स्थानीय तहका स्थायी कर्मचारीको स्तरउन्नतीको लागि आवश्यक पहल गरिनेछ ।
- ✓ नगरपालिका तथा अर्न्तगत कार्यालयहरुबाट प्रदान गरिने सबै प्रकारका सेवा छिटो छरितो पारदर्शी एवं प्रभावकारी बनाईनेछ ।

Scanned by TapScanner


- ✓ जन युद्ध, जन आन्दोलनका सहिद परिवारहरु लाई एकमुष्ट राहात कार्यक्रममा सहभागी गराईने छ ।
- ✓ हलिया मुक्ति पुर्नस्थापना कार्यक्रमलाई निरन्तरता दिइने छ । नगरपालिका भित्रका मुक्त हलियाहरुको तथ्याकं संकलन गरि परिचयपत्र दिने व्यवस्था मिलाईने छ ।
- ✓ कर्मचारी र जनप्रतिनिधीको क्षमता बिकास गर्न एक्सपोजर भिजिट (अवलोकन भ्रमण) को आयोजना गर्ने र नमुना नगर बनाउन सिकाई प्राप्त गरिने कार्यक्रम लागु गरिनेछ ।
- ✓ प्रत्येक बर्ष उत्कृष्ठ कार्य सम्पादन गर्ने ३ जना कर्मचारीहरुलाई नगर उत्कृष्ठ कर्मचारी पुरुस्कार बाट सम्मान गरिनेछ । साथै कानुन बिपरित आफ्नो कर्तव्य पालन नगर्ने कर्मचारीहरुलाई कारबाही गरिनेछ ।
- ✓ भारतमा बस्ने नेपाली कामदारहरुको दुर्घटना बिमा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- ✓ नेपाल सरकारले लागु गरेको सामाजिक सुरक्षा कोष योजनामा अस्थायी करार कर्मचारीहरुलाई आवद्धताका लागि आवश्वक पहल गरिनेछ ।
- ✓ न्यायिक समितिलाई प्रभावकारी बनाउन कानुनी सल्लाहकारको व्यवस्था गरिनेछ ।
- ✓ लक्षित वर्गको कार्यक्रमका निम्ति सरकारी तथा गैरसरकारी संस्था सँग समन्वय गरिनेछ ।
- ✓ कर्मचारी कल्याण कोष लाई निरन्तरता दिईनेछ ।
- ✓ न्यायिक समितीको क्षमता विकासको लागी आवश्यक कार्यक्रम तय गरिनेछ ।
- ✓ प्रधानमन्त्री रोजगार कार्यक्रम लाइ प्रभावकारी कार्यान्वयन गर्न साझेदारीमा संचालन गर्न आवश्यक पहल गरिनेछ ।
  - ✓ राज्यको मुलधारमा नरहेका पछाडि परेका /पारिएका गरिब दलित, विपन्न तथा लक्षित वर्ग केन्द्रित कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ ।
  - ✓ भस्ट्राचार निर्मुल गर्न शुन्य सहनशिलता अपनाईने छ ।
  - ✓ नगर पालिका बाट प्रवाह हुने सेवा लाई चुस्त दुरुस्त ,छिटो छरीतो ,पारदर्शी गुणस्तरीय र जनमुखी बनाउन प्रत्येक चौमासिक अवधिमा सार्वजानिक सुनुवाई कार्यक्रम गरिनेछ ।
  - ✓ न्यायिक समिती ,मेलमिलापकर्ता ,जनप्रतिनिधी र कर्मचारी हरुको क्षमता अभिबृद्धी गर्न तालिम कार्यक्रमको आयोजना गरीने छ ।
  - ✓ पाटन नगरपालिकामा बहुउद्धेशिय प्रशासकीय भवन निर्माण गर्न एंव बनारसी मन्दिर नजिक देखी खीपाली पौडी बृहत खानेपानी, रामेश्वर धाम, सहस्त्रलिंग आध्यात्मीक योग पार्क निर्माणका लागि बिस्तृत परियोजना प्रतिबेदन निर्माण गरीने छ ।
  - ✓ जनता जनप्रतिनिधि सम्बाद तथा सञ्चार कार्यक्रम लागु गरीने छ ।
  - ✓ सकारात्मक सोच मनोविकास कार्यक्रम लागु गर्न आवश्यक व्यवस्थापन गरीने छ ।
  - ✓ जनप्रतिनिधी तथा रास्ट्रसेवक कर्मचारी शिक्षक, प्रतिनिधी टोल बिकास संस्थामा क्षमता अभिबृद्धि कार्यक्रम लागु गरिनेछ ।
  - ✓ करको दर भन्दा दायरालाई बढाउन जोड दिईनेछ ।

- ✓ राजस्व सुधार योजना निर्माण गरि प्रभावकारी रुपमा लागु गरिनेछ ।
- ✓ नगरपालिका भित्रका सम्पुर्ण वडाहरुमा एकीकृत घुम्ती शिविर संचालन गरि आवश्यक सेवा प्रवाह गरिनेछ ।
- ✓ लघु उद्यम विकास कार्यक्रमलाई निरन्तता दिईनेछ ।
- ✓ सुधारिएको चुलो, पानि घट्ट बिपन्न घर परिवारलाई सौर्य बत्ती अनुदानमा उपलब्ध गराईनेछ ।
- ✓ पाटन नगरपालिका भित्र अव्यवस्थित रुपमा रहेका खोका छाप्रालाई व्यवस्थित गरि करको दायरामा ल्याउने कार्यपालिकाको निर्णयलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।

**सूचना तथा संचार प्रविधि**

- ✓ स्थानिय सामुदायिक एफएम तथा अन लाईन मिडियाहरु बाट जनचेतना मूलक कार्यक्रम प्रशारणमा प्रोत्साहन गरिनेछ ।
- ✓ सबैका लागि सूचना र संचार कार्यक्रम अन्तर्गत तिब्र गतिको ईन्टरनेट सेवा बिभिन्न सफ्टवेयर प्रयोग गरि कार्यालयको सेवालाई प्रत्येक वडामा बिस्तार गरि वडा तथा नगरपालिका बाट दिईने सेवा लाई छिटो छरितो ढंगले प्रदान गरि नगर कार्यपालिका लाई सूचना प्रविधिमैत्री बनाउने नितिमा जोड दिईनेछ ।

**अब म आर्थिक बर्ष २०७९।०८० को बार्षिक बजेट शिलिगं तथा कार्यक्रम यस गरिमामय सभामा पेश गर्दछु ।**



Scanned by TapScanner

## पाटन नगरपालिकाको आ.ब.२०७९।०८० को बजेट सिलिंग

| क्र.सं. | | विवरण | रकम | अक्षरमा |
|---|---|---|---|---|
| क) प्राप्त बजेट सिलिंग (आय अनुमान) | | | | |
| १ | अन्तर सरकारी वित्तीय हस्तान्तरण | वित्तीय सामनिकरण (केन्द्रीय सरकार अनुदान ) | १२३२००००००.०० | बाह्र करोड बतीस लाख |
| २ | | वित्तीय सामनिकरण (प्रदेश सरकार अनुदान ) | ८६१३०००.०० | छयासी लाख तेह्र हजार |
| ३ | | संघीय बिशेष अनुदान | १००००००००.०० | एक करोड |
| ४ | | संघीय समपुरक अनुदान | १६००००००.०० | एक करोड साठी लाख |
| ५ | | शसर्त अनुदान चालू | ३१९३००००००.०० | एकतीस करोड त्रियान्नब्बे लाख |
| | | शसर्त अनुदान पुजिगत | २५१०००००.०० | दुई करोड एकाउन्न लाख |
| ६ | | प्रदेश समपुरक अनुदान | ६५५९०००.०० | पैसाठी लाख उनान्नसाठी हजार |
| ७ | | प्रदेश बिशेष अनुदान | २५०००००.०० | पचीस लाख |
| ८ | राजश्व | राजश्व बांडफांड (संघिय ) | १११२४०००.०० | एघार करोड एघार लाख चौबीस हजार |
| ९ | | राजश्व बांडफांड (प्रदेश ) | ३०२२०००.०० | तीस लाख बाइस हजार |
| १० | | नगरपालिका को आन्तरिक राजश्व | ५,०००,०००.० | पचास लाख |
| ११ | | नगरपालिका को संचित खातामा मौज्दात | १०००००००.०० | एक करोड |
| | | जम्मा बजेट सिलिंग (क) | ६४०,४१८,०००.०० | चौसाठी करोड चार लाख अठाह्र हजार |

Scanned by TapScanner

| ख) व्यय अनुमान | | | | |
|---|---|---|---|---|
| १ | | सशर्त अनुदान चालू | ३१९३००००००.०० | एकतीस करोड त्रियान्नब्बे लाख |
| २ | | संघीय बिशेष अनुदान | १००००००००.०० | एक करोड |
| ३ | | संघीय समपुरक अनुदान | १६००००००.०० | एक करोड साठी लाख |
| ४ | | प्रदेश समपुरक अनुदान | ६५५९०००.०० | पैसाठी लाख उनान्नसाठी हजार |
| | | सशर्त अनुदान पुजीगत | २५१००००००.०० | दुई करोड एकाउन्न लाख |
| ५ | | प्रदेश बिशेष अनुदान | २५०००००.०० | पचीस लाख |
| ६ | | प्रशासनिक खर्च | १०६८१४०००.०० | दस करोड अठसठ्ठी लाख चौध हजार |
| | | बाल बिकास सहजकर्ता तथा विद्यालय कर्मचारी | ७,३३२,०००.०० | त्रिहत्तर लाख बत्तीस हजार |
| ७ | | समपुरक कोष (संघीय/प्रदेश,पाटन बृहत खा.पा.र अन्य मेचिंग) | ४५,०००,०००.०० | चार करोड पचास लाख |
| ८ | | वडागत बांडफांड | ४४,६३२,०००.०० | चार करोड छयालिस लाख बतीस हजार |
| ९ | | आर्थिक क्षेत्र | ५,०००,०००.०० | पचास लाख |
| १० | | सामाजिक क्षेत्र | ११,०००,०००.०० | एक करोड दस लाख |
| | | नगर स्वयं सेवक शिक्षक | २३,६४०,०००.०० | दुई करोड छतीस लाख चालीस हजार |
| ११ | | पूर्वाधार क्षेत्र | १२,०००,०००.०० | एक करोड बीस लाख |
| १२ | | वन वातावरण तथा विपद व्यवस्थापन क्षेत्र | ३,५००,०००.०० | पैतीस लाख |
| १३ | | संस्थागत बिकास , सुशासन र सेवा क्षेत्र | २०४१०००.०० | बीस लाख एकचालीस हजार |
| | | | | |
| | | जम्मा रकम (ख) | ६४०,४१८,०००.०० | चौसाठी करोड चार लाख अठाह्र हजार |

| | | | |
|---|---|---|---|
| | | | |
| | | | |
| वडा स्तर को बजेट सिलिंग | वडा नं.१ | ४५८३२००.०० | पैंतालिस लाख त्रीयासी हजार दुई सय |
| | वडा नं.२ | ४४८३२००.०० | चौवालिस लाख त्रीयासी हजार दुई सय |
| | वडा नं.३ | ४४८३२००.०० | चौवालिस लाख त्रीयासी हजार दुई सय |
| | वडा नं.४ | ४५३३२००.०० | पैतालिस लाख तेतीस हजार दुई सय |
| | वडा नं.५ | ४३८३२००.०० | तीरचालीस लाख त्रीयासी हजार दुई सय |
| | वडा नं.६ | ४६३३२००.०० | छयालिस लाख तेतीस हजार दुई सय |
| | वडा नं.७ | ४३८३२००.०० | तीरचालीस लाख त्रीयासी हजार दुई सय |
| | वडा नं.८ | ४३८३२००.०० | तीरचालीस लाख त्रीयासी हजार दुई सय |
| | वडा नं.९ | ४३८३२००.०० | तीरचालीस लाख त्रीयासी हजार दुई सय |
| | वडा नं.१० | ४३८३२००.०० | तीरचालीस लाख त्रीयासी हजार दुई सय |
| | जम्मा | ४४६३२०००.०० | चार करोड छयालिस लाख बतीस हजार |

Scanned by TapScanner

अन्त्यमा, पाटन नगरपालिकाको उल्लेखित नीति कार्यक्रमको परिधिभित्र रही आगामी आर्थिक वर्ष २०७९/०८० को लागि सीमित स्रोत र साधनका बावजुद पाटन नगरपालिका सरकारले अधिकतम प्रतिफल हासिल हुने गरी बजेट तथा कार्यक्रम पेश गर्ने व्यहोरा यस कार्यक्रममा जानकारी गराउँदछु ।

पाटन नगरपालिकाको आ.ब. २०७९/०८० नीति तथा कार्यक्रम तर्जुमा गर्ने चरणमा सहयोग पुर्‍याउने विशेष गरी नगर प्रमुख, कार्यपालिका सदस्य, नगर सभाका सदस्य एवं स्थानीय बुद्धिजीवी, राष्ट्रसेवक कर्मचारीहरु,विज्ञ समुदाय, संञ्चार जगत, नागरिक समाज, निजी क्षेत्र, गैरसरकारी संघसंस्थाहरु र पाटन नगरपालिकाका देश तथा बिदेशमा बस्ने भर्जुअल माध्यम बाट सझुाव दिनु हुने आम नागरिकहरु प्रति हार्दिक आभार प्रकट गर्दै यस पाटन नगरपालिकाको नीति तथा कार्यक्रम कार्यान्वयनको चरणमा सम्बद्ध सबै पक्ष बाट सकारात्मक सहयोगको अपेक्षा लिएको छु ।

प्रस्तुत कर्ता
कमल सिंह बोहरा(अपि)
नगर उपप्रमुख
पाटन नगरपालिका,बैतडी

Scanned by TapScanner